"समृद्ध छथर निर्माणको आधारः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय
शुक्रवार, तेह्रथुम
कोशी प्रदेश, नेपाल

सूचना नं.: ८-०८१/०८२

## आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि शिलबन्दि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः२०८१/०४/२८

छथर गाउँपालिकाबाट स्वीकृत यस गा. पा. को आर्थिक ऐन २०८१ बमोजिम गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय, दस्तुर र सेवा शुल्क चालु आ. व. २०८१/०८२ का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रहि तपशिलको समय, मिति र स्थानमा गोप्य शिलबन्दि बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ । अन्य विस्तृत जानकारीका लागि कार्यालयको वेवसाईटः www.chhatharmun.gov.np वा कार्यालयको सूचना पाटिमा हेर्नु हुन वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

### ठेक्काको विवरण

| ठेक्का नं. | विवरण | न्यूनतम ठेक्का अङ्क (मु. अ. कर वाहेक) | वोलपत्र दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति | वोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | क)पूर्वाधार उपयोग शुल्क (डाँडडे नाका, ओखे दुविनी नाका)<br>ख) निकासी शुल्क<br>ग) दैनीक अस्थायी हाटबजार कर<br>घ) पार्किङ्ग शुल्क | रु. ३०००००/- | रु. १०००/- | २०८१/०५/१० गते दिउँसो २ बजे सम्म | २०८१/०५/१० गते दिउँसो ४ बजे सम्म | २०८१/०५/१० गते दिउँसो ५ बजे पछि |

शर्तहरुः

१. शिलबन्दि बोलपत्र साथ रु. १० को टिकट टाँसी आफुले कबोल गरेको ठेक्का अङ्कको नेपाली नागरिक भए ५% धरौटी बापत रकम छथर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको नविल बैङ्क शुक्रवारे शाखामा रहेको ग-३ स्थानीय तह धरौटीखाता नं. २१२०१०१७५०००१९ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न गर्नुपर्ने छ ।

२. शिलबन्दी बोलपत्र साथ बोलपत्र वालाको व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नुपर्नेछ । संस्थाको हकमा आन्तरिक राजश्व कार्यालयबाट प्राप्त गरेको स्थायी लेखा नं. को प्रतिलिपि, मु. अ. क. दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा आ. व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र समेत शिलबन्दि दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।

३. शिलबन्दि बोलपत्र फारम ठेक्का नं. १ का लागि दस्तुर रु. १०००/- (फिर्ता नहुने गरी) बोलपत्र फारम छथर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट रसिद काटी वा छथर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको नविल बैङ्क शुक्रवारेमा रहेको ग-१-१ रहेको आन्तरिक राजश्व खाता नं. २१२०१०१७५०००२५ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न गरी राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

४. शिलबन्दि बोलपत्र खरिद गर्ने अन्तिम मिति पहिलो पटक सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिन (२०८१/०५/१०) दिनको २ बजे सम्म शिलबन्दि बोलपत्र खरिद गर्न सकिने र पन्ध्रौं दिन (२०८१/०५/१०) दिनको ४ बजे सम्म दर्ता गर्न सकिने छ । शिलबन्दिबोलपत्र ठेक्का सोहि दिन ( २०८१/०५/१०) दिनको ठिक ५ बजे पछाडि यस गाउँपालिकाको कार्यालयमा खोलिने छ ।

५. म्याद नाघि आएको वा रित नपुगेको टेन्डर फारम उपर कुनै कारवाहि हुने छैन ।

६. शिलबन्दि बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गाउँपालिकामा सुरक्षित रहने छ ।

७. ठेक्का रकमलाई किस्तामा बुझाउनका लागि पहिलो किस्ता ६०%, तथा अन्तिम किस्ता ४०% प्रतिशत गरि विभाजन गरिने छ । यसरी किस्ता निर्धारण गरि पहिलो किस्ता रकम सम्झौता गर्दाकै बखतमा र अन्तिम किस्ता वरावरको ४०% रकम पौष मसान्त भित्र बुझाउनु पर्नेछ ।अन्तिम किस्ता बराबरको रकमको हकमा २०८२ असार मसान्त सम्म अवधि रहेको बैङ्क ग्यारेन्टी सम्झौता गर्दाकै बखतमा पेश गर्नुपर्ने छ ।

८. दर्ता भएका शिलबन्दि बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्र वाला वा निजको प्रतिनिधिको रोहवरमा छथर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिने छ र बोलपत्र दर्तावाला वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

९. गाउँपालिकाले तोकेको दररेटमा फरक नपर्ने गरि ठेक्का सञ्चालन गर्नुपर्ने छ ।

१०. अन्य जानकारीका लागि प्रशासन शाखामा कार्यालय समय भित्र टेलिफोन नं. ०२६-४२००९९ मा सम्पर्क राख्न सकिने छ ।

११. वार्षिक ठेक्का रकम बाँकी अवधिको लागि स्वीकृत भएको दिनदेखि दामासायीले. लागु हुनेछ । विपद् वा महामारीका कारण ठेक्का सम्झौता भएर पनि अशुल उपर गर्न वाधा परेमा प्रचलित ऐन,नियम र गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

**नोटःशिलबन्दिबोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा शिलबन्दिबोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता गरिने वा बोलपत्रखोलिने छ ।**

प्रमुख प्रशासकीय अधिकृत